

# लुम्बिनी प्रदेश सभा र कानून निर्माणको अवस्था



पाल्पा विकास केन्द्र । आइडिया स्पेस सर्भिसेज्

# लुम्बिनी प्रदेश सभा र कानून निर्माणको अवस्था



पाल्पा विकास केन्द्र । आइडिया स्पेस सर्भिसेज्

# लुम्बिनी प्रदेश सभा र कानून निर्माणको अवस्था

**लेखक** : तिलक पाठक र किरण कौशल

**प्रकाशन मिति** : २०८१ पुष

**भाषा सम्पादन** : गोपाल प्रसाद बस्याल

यो पुस्तक ओपन सोसाइटी फाउन्डेशनको सहयोगमा तयार पारिएको हो ।

लुम्बिनी प्रदेश सभाको पहिलो पाँच वर्षे कार्यकालमा ८४ वटा विधेयक दर्ता भएकोमा ७२ वटा पारित गरिएको थियो । पारित भएका ७२ वटा कानूनमध्ये ५२ वटा मूल विधेयक, ११ वटा संशोधन भएका थिए भने ९ वटा सालबसाली विधेयक थिए । त्यस्तै लुम्बिनी प्रदेश सभाको दोस्रो कार्यकालको २०८१ मंसिर १५ सम्ममा १२ वटा विधेयक दर्ता भएकोमा सभाबाट १० वटा पारित भएका छन् भने २ वटा विधेयक फिर्ता भएको छ । पारित भएका १० वटा विधेयकमा ३ वटा मुल विधेयक, ३ वटा विधेयक संशोधन भएका र ४ वटा विधेयक सालबसाली विधेयक रहेका छन् । पुस्तक लुम्बिनी प्रदेश सभा र यसले निर्माण गरेको कानूनहरूको विषयमा केन्द्रित छ ।

CC BY NC

बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई यसका अंश उपयोग गर्न सकिनेछ । यसमा गरिएको विश्लेषण, टिप्पणी र सुझाव पाल्पा विकास केन्द्रको हो । त्यसमा ओपन सोसाइटी फाउन्डेशन सहमत नहुन सक्छ ।

**पाल्पा विकास केन्द्र**

**आइडिया स्पेस सर्भिसेज्**

**लेआउट तथा कभर डिजाइन** : बिक्रम चन्द्र मजुमदार

# विषयसूची


## लुम्बिनी प्रदेश सभा र कानून निर्माणको अवस्था ........... ७

**पहिलो कार्यकाल** ........................................ ७

**दोस्रो कार्यकाल** ........................................ ९

**विषयगत समितिमा छलफल भएका विधेयक** .......................... १२

**कस्ता छन् संशोधन प्रस्ताव ?** ................................ १२

कानून निर्माणको चरण ........................................ १३

कानून निर्माणमा प्रदेश सभा सचिवालयको भूमिका .......................... १४

प्रदेश मामिला तथा कानून समितिको भूमिका .......................... १४

प्रदेश सभामा संशोधन प्रस्ताव प्रक्रिया .......................... १५

**विधेयक निर्माणमा सरोकारवाला पक्ष** .......................... १६

छलफलको कमी ........................................ १६

अध्ययन आवश्यक ........................................ १६

कार्यान्वयन पक्ष कमजोर ........................................ १७

थप कानून निर्माणमा दबाव आवश्यक .......................... १७

सन्दर्भ सामग्री ........................................ २६

# चित्र तथा तालिका


चित्र १ : लुम्बिनी प्रदेश सभाको पहिलो कार्यकालमा उपस्थित राजनीतिक दल र प्रदेश सभा सदस्यको अवस्था ............................ ७

चित्र २ : लुम्बिनी प्रदेश सभाको पहिलो कार्यकालमा दर्ता र पारित भएका विधेयकहरूको अवस्था ...............................८

चित्र ३ : लुम्बिनी प्रदेश सभाको दोस्रो कार्यकाल (२०७९–२०८४) मा दलीय उपस्थिति र सांसदहरूको अवस्था ...................... १०

चित्र ४ : लुम्बिनी प्रदेश सभाको दोस्रो कार्यकालमा दर्ता एवं पारित भएका विधेयकको अवस्था २०८१ मंसिर १५ सम्मको विवरण .... ११

तालिका १ : लुम्बिनी प्रदेश सभाले छलफलका लागि विषयगत समितिमा पठाएका विधेयकको अवस्था .......................... १२

तालिका २ : कानून निर्माणका क्रममा सैद्धान्तिक छलफलमा भाग लिने प्रदेश सभा सदस्यहरू ................................ १३

तालिका ३ : प्रदेश मामिला तथा कानून समिति २०७९ का सदस्यहरू ......... १५

अनुसुची १ : प्रदेश सभाबाट पारित मूल विधेयकहरू .......................... १९

अनुसुची २ : प्रदेश सभाबाट संसोधन भएका विधेयकहरू....................... २३


अनुसुची ३ : ऐन बनेपनि नियमावली लगायत अन्य प्रत्यायोजित कानून निर्माण नभएका ऐनहरूको विवरण ............................... २४

अनुसुची ४ : लुम्बिनी प्रदेश सरकारले बनाएका नियमावलीहरू (२०८१ मंसिरसम्म)............................................. २५


# लुम्बिनी प्रदेश सभा र कानून निर्माणको अवस्था

## पहिलो कार्यकाल

लुम्बिनी प्रदेशमा प्रदेश सभाका लागि प्रत्यक्षतर्फबाट निर्वाचित भएर आउने ५२ वटा क्षेत्र निर्धारण भएकाले प्रदेश सभामा प्रत्यक्षतर्फबाट ५२ सदस्य निर्वाचित भएर आउँछन् । त्यसलाई ६० प्रतिशत मानी बाँकी रहेको ४० प्रतिशत सिटमा भने समानुपातिकतर्फबाट सदस्यहरू निर्वाचित हुन्छन् । त्यसो गर्दा समानुपातिकतर्फबाट ३५ जना निर्वाचित हुन्छन् । लुम्बिनी प्रदेश सभामा प्रत्यक्षतर्फका ५२ र समानुपातिकतर्फका ३५ गरी ८७ जना सदस्य हुन्छन् । लुम्बिनी प्रदेश सभाको पहिलो कार्यकालमा पाँच राजनीतिक दलहरूको उपस्थिति रहेको थियो । त्यसमा पहिलो ठुलो दलको रुपमा रहेको नेकपा एमालेको प्रत्यक्षतर्फ २८ र समानुपातिकतर्फ १३ गरी ४१ जना थिए भने दोस्रो दलको रूपमा नेकपा माओवादी केन्द्र रहेको थियो जसको प्रत्यक्षतर्फ १४ र समानुपातिकतर्फ ६ गरी जम्मा २० प्रदेश सभा सदस्य रहेका थिए । त्यस्तै, नेपाली कांग्रेसको प्रत्यक्षतर्फ ७ र समानुपातिकतर्फ १२ जना गरी १९ जना प्रदेश सभा सदस्य थिए । जनता समाजवादीको प्रत्यक्षतर्फ ३ र समानुपातिकतर्फ ३ गरी ६ प्रदेश सभा सदस्य थिए भने राष्ट्रिय जनमोर्चाको समानुपातिकतर्फबाट १ प्रदेश सभा सदस्य रहेका थिए (हेर्नुहोस् चित्र १) ।




चित्र १ : लुम्बिनी प्रदेश सभाको पहिलो कार्यकालमा उपस्थित राजनीतिक दल र प्रदेश सभा सदस्यको अवस्था




चित्र २ : लुम्बिनी प्रदेश सभाको पहिलो कार्यकालमा दर्ता र पारित भएका विधेयकहरूको अवस्था

लुम्बिनी प्रदेश सभाको पहिलो कार्यकाल अन्तर्गतको ५ वर्षको अवधिमा १० वटा अधिवेशन भएका थिए जसमध्ये पहिलो २२ दिन, दोस्रो २८ दिन, तेस्रो ३३ दिन, चौथो ३२ दिन, पाँचौं १० दिन, छैटौं ३२ दिन, सातौं ५ दिन, आठौं १४ दिन, विशेष १ दिन, नवौं १२ र दशौं २०९ दिन चलेका थिए। यसरी हेर्दा जम्मा १९४ दिन बैठक बसेको थियो (संघीय संसद सचिवालय, २०८०)।

लुम्बिनी प्रदेश सभाको पहिलो पाँच वर्षे कार्यकालमा ८४ वटा विधेयक दर्ता भएकोमा ७२ वटा पारित गरिएको थियो। सबैभन्दा धेरै विधेयक तेस्रो अधिवेशनबाट पारित भएको थियो। (विस्तृत विवरणको लागि हेर्नुहोस् चित्र २)। प्रदेश सभाको यही कार्यकालमा ५ वटा विधेयक फिर्ता भएको थियो भने १ वटा अध्यादेश पनि जारी भएको थियो। पारित भएका ७२ वटा कानूनमध्ये ५२ वटा मूल विधेयक, ११ वटा संशोधन भएका थिए भने ९ वटा सालबसाली विधेयक थिए (विस्तृत विवरणको लागि हेर्नुहोस अनुसुची १ र अनुसुची २)।

लुम्बिनी प्रदेश सभाको पहिलो कार्यकालका ३२ वटा विधेयकमाथि भएको एक अनुसन्धानअनुसार ३२ वटा विधेयकमा ३१६ वटा बुँदा संशोधनका लागि प्रस्ताव दर्ता भएको थियो जसमध्ये ६२ वटा मात्रै संशोधन भए भने २२ वटा बुँदामा आंशिक संशोधन भएको थियो। बाँकी २३२ वटा बुँदाहरू संशोधन भएनन्। विधेयकमा जे जस्तो प्रावधान थियो हुवहु त्यही रुपमा पारित भयो। संशोधन प्रस्तावअर्न्तगत रहेका समग्र बुँदाको १९.६२ प्रतिशत बुँदा मात्रै पुर्णरूपमा र ६.९६ प्रतिशत बुँदा आशिंक रूपमा संशोधन भएको देखिन्छ भने ७३.४१ प्रतिशत बुँदामाथि संशोधन प्रस्ताव दर्ता भएपनि विना संशोधन पारित भएको देखिन्छ (पाठक र कौशल, २०८१)।

सोही अध्ययनअनुसार सबैभन्दा धेरै संशोधन प्रस्ताव परेको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ मा ५६ वटा संशोधन प्रस्ताव दर्ता गरिएकोमा २१ वटा मात्रै संशोधन भए भने २ वटा आंशिक रुपमा संशोधन भए। बाँकी ३३ वटा संशोधन नै भएनन्। यो विधेयकमा १२ जना सांसदले विभिन्न विषयमा संशोधन प्रस्ताव दर्ता गरेका थिए। त्यसमा सातजना नेपाली कांग्रेसका, चारजना माओवादी केन्द्रका र एकजना एमालेका थिए। सांसदले दर्ता गराएका प्रस्तावमा चारवटा संयुक्त र तीनवटा एकल गरी सात प्रस्ताव रहेको थिए (पाठक र कौशल, २०८१)।


## दोस्रो कार्यकाल

लुम्बिनी प्रदेश सभाको दोस्रो कार्यकाल अहिले चलिरहेको छ। यो कार्यकालमा लुम्बिनी प्रदेश सभामा १० राजनीतिक दल र स्वतन्त्र गरी ८७ जना प्रदेश सभा सदस्य रहेका छन्। ५२ जना प्रत्यक्ष निर्वाचित र ३५ जना समानुपातिक प्रणालीबाट निर्वाचित प्रदेश सभा सदस्यहरू रहेका छन्। यो कार्यकालमा लुम्बिनी प्रदेश सभामा ११ वटा राजनीतिक दल रहेका छन् जसमा सबैभन्दा ठुलो दलको रुपमा नेकपा एमाले रहेको छ जसको प्रत्यक्षतर्फ १८ र समानुपातिकतर्फ ११ गरी २९ प्रदेश सभा सदस्य रहेका छन्। दोस्रो ठुलो दलको रुपमा नेपाली कांग्रेस रहेको छ जसको प्रत्यक्षतर्फ १७ र समानुपातिकतर्फ १० गरी २७ प्रदेश सभा सदस्य रहेका छन्।


पहिलो कार्यकालमा दोस्रो ठुलो दल रहेको नेकपा माओवादी केन्द्र तेस्रो स्थानमा पुगेको छ जसको प्रदेश सभा सदस्य संख्या ९ जना रहेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टी र नागरिक उन्मुक्ति पार्टीको बराबरी ४/४ जना प्रदेश सभा सदस्य रहेका छन्। त्यस्तै जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, जनमत पार्टीको पनि बरावरी ३/३ जना सदस्य रहेका छन्। त्यसो त यो कार्यकालमा स्वतन्त्र उम्मेदवारको रुपमा विजयी भई प्रदेश सभा सदस्य हुनेको संख्या पनि ३ नै रहेको छ। राष्ट्रिय जनमोर्चा र नेकपा एकीकृत समाजवादीको भने १/१ जना प्रदेश सभा सदस्य रहेका छन् (हेर्नुहोस चित्र ३)।

लुम्बिनी प्रदेश सभाको दोस्रो कार्यकालको २०८१ मंसिर १५ सम्ममा १२ वटा विधेयक दर्ता भएकोमा सभाबाट १० वटा पारित भएका छन् भने २ वटा विधेयक फिर्ता भएका छन्। पारित भएका १० वटा विधेयकमा ३ वटा

मूल विधेयक, ३ वटा विधेयक संशोधन भएका र ४ वटा सालबसाली विधेयक रहेका छन् (विस्तृत विवरणको लागि हेर्नुहोस् अनुसूची १ र अनुसूची २)।




चित्र ३ : लुम्बिनी प्रदेश सभाको दोस्रो कार्यकाल (२०७९–२०८४) मा दलीय उपस्थिति र सांसदहरूको अवस्था




चित्र ४ : लुम्बिनी प्रदेश सभाको दोस्रो कार्यकालमा दर्ता एवं पारित भएका विधेयकको अवस्था २०८१ मंसिर १५ सम्मको विवरण ।

# विषयगत समितिमा छलफल भएका विधेयक

लुम्बिनी प्रदेश सभाले दोस्रो कार्यकालमा विभिन्न विधेयकलाई बिषयगत समितिमा दफाबार छलफलका लागि पठाएको थियो । स्वास्थ्य संस्था स्थापना, सञ्चालन नविकरण तथा स्तरोन्नति ऐन, २०७६ संशोधन गर्न बनेको विधेयक, औद्योगिक व्यवसायसम्बन्धि प्रचलित प्रदेश कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक, प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवा शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक गरी ४ वटा विधेयकलाई प्रदेश सभाले दफाबार छलफलको लागि सम्बन्धित विषयगत समितिमा पठाएको थियो (हेर्नुहोस् तालिका १) ।

**तालिका १ : लुम्बिनी प्रदेश सभाले छलफलका लागि विषयगत समितिमा पठाएका विधेयकको अवस्था**

| विधेयकको नाम | विषयगत समिति | सभाले पठाएको मिति |
|---|---|---|
| स्वास्थ्य संस्था स्थापना, सञ्चालन नविकरण तथा स्तरोन्नति ऐन, २०७६ संशोधन गर्न बनेको विधेयक | सामाजिक विकास | २०८० साउन १० |
| औद्योगिक व्यवसायसम्बन्धि प्रचलित प्रदेश कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक | अर्थ, उद्योग तथा पर्यटन | २०८० साउन ११ |
| प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवा शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | प्रदेश मामिला तथा कानून | २०८० साउन १२ |
| स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक | प्रदेश मामिला तथा कानून | २०८१ जेठ १३ |

# कस्ता छन् संशोधन प्रस्ताव ?

प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयकमा ३१ वटा संशोधन परेको थियो । सबैभन्दा धेरै संशोधन प्रस्ताव परेको विधेयक पनि यही हो । औधोगिक व्यवसायसम्बन्धि प्रचलित प्रदेश कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०७९ मा ३ वटा एकल संशोधन परेका थिए । यस्तो संशोधन प्रस्ताव राख्ने प्रदेश सभा सदस्यहरूमा भोजप्रसाद श्रेष्ठ, रत्न बहादुर खत्री र निमा गिरी रहेका छन् । स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नविकरण तथा स्तरोउन्नति ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक मा ४ वटा संशोधन परेको थियो जसमा बसन्ती न्यौपाने, लौकी कुमारी वि.क., भोजप्रसाद श्रेष्ठ र विश्वप्रेम पाठकले संशोधन प्रस्ताव राखेका थिए ।

२०८० जेठ २९ मा बसेको बैठकमा आर्थिक बर्ष २०८०/०८१ को लागि लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रमको विभिन्न बुँदामा ६ वटा एकल संशोधन परेको थियो । रत्न बहादुर खत्री, भोज प्रसाद श्रेष्ठ, अर्जुनकुमार के.सी, नवराज लामिछाने र बसन्ती न्यौपानेले संशोधन प्रस्ताव पेश गरेका थिए । २०८० जेठ ३० गते दशौं वैठकले बहुमतका आधारमा संशोधन प्रस्ताव अस्वीकृत गरेको थियो ।

तालिका २ : कानून निर्माणका क्रममा सैद्धान्तिक छलफलमा भाग लिने प्रदेश सभा सदस्यहरू

| क्र सं | विधेयक | प्रदेश सभा सदस्यहरू |
|---|---|---|
| १ | औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित प्रदेश कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक | जानकी प्रसाद यादव, निमा गिरी, अर्जुन कुमार के.सी., जन्मजय तिमिल्सिना र दिपेन्द्र कुमार पुन मगर |
| २ | स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नविकरण तथा स्तरोन्नति ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक | लोकी कुमारी बि.क., भगवती अधिकारी, राजकुमार चौधरी, बिष्णु प्रसाद पन्थी र निमा गिरी |
| ३ | प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक | भोज प्रसाद श्रेष्ठ, मिना कुमारी श्रेष्ठ, लोकी कुमारी वि.क., रत्न बहादुर खत्री, तारा थापा, कृष्ण कुश्मा थारु, निमा गिरी, रामजी प्रसाद घिमिरे, इन्द्रजीत थारु र जन्मजय तिमिल्सिना |
| ४ | स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक | भुवनेश्वर चौधरी, विर बहादुर राना, इन्द्रजीत थारु र तुलसी प्रसाद चौधरी |

## कानून निर्माणको चरण

- ऐन निर्माणको आवश्यकता देखिएपछि सम्बन्धित मन्त्रालयले ऐन बनाउन आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग सैद्धान्तिक सहमति लिनुपर्ने छ।
- सहमतिपछि विधेयकको खाका बनाएर मन्त्रिपरिषद्बाट ऐन बनाउन अनुमति लिने गरिन्छ।
- मन्त्रिपरिषद्ले स्वीकृत प्रदान गरेपछि सम्बन्धित मन्त्रालयले ऐनको मस्यौदा तयार गर्दछ।
- मस्यौदा तयारको चरणमा विज्ञहरूको सुझाव, सरोकारवालाहरूवीच छलफल र सुझाव संकलन गर्ने कार्य गरिन्छ।
- मस्यौदामा विधेयक संविधान र कानून अनुकुल व्याख्या भए/नभएको बिषयमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले अध्ययन गर्दछ।
- आन्तरिक मामिला तथा कानून मन्त्रालयले उपयुक्त ठानेपछि मन्त्रालयले मस्यौदा विधेयक सदनमा लैजानका लागि मन्त्रिपरिषद्मा पेश गर्दछ र मन्त्रिपरिषद्ले मस्यौदालाई अनुमोदन गरेर सदनमा पठाउने निर्णय गर्दछ।
- विधेयक संसदमा दर्ता हुन्छ र आवश्यक छलफल, संशोधनपश्चात पास गरिन्छ।
- कानून र ऐनहरूको प्रमाणीकरण प्रदेश प्रमुखले गरेपछि त्यो कानून लागु हुने गर्दछ।

## कानून निर्माणमा प्रदेश सभा सचिवालयको भूमिका

प्रदेश सभाको प्रमुख कार्य कानून निर्माण, बजेट निर्माण, सरकार निर्माण, नीति तथा कार्यक्रम पारित गर्ने र संसदीय निगरानी गर्ने रहेको छ। प्रदेश सभा सचिवालयको विधेयक शाखाको भुमिका ऐन अर्थात् विधेयक निर्माणमा महत्वपुर्ण हुने देखिन्छ। सम्बन्धित मन्त्रालयले तयार गरेर ल्याएको विधेयकमा प्रदेश सभा नियमावलीको मापदण्डअनुसारका शर्त पालना भए/नभएको हेरी विधेयकलाई अगाडी बढाउने वा सम्बन्धित मन्त्रालयमा फिर्ता पठाउने गरिन्छ। प्रदेश सभा सदस्यहरूको अध्ययनका लागि पिजन होलमा राख्ने व्यवस्था पनि गरिन्छ।

विधेयकलाई बिषयगत समितिमा दफावार छलफल गराउने, समितिलाई कानूनी राय दिने र समिति सदस्यहरूबाट आएका सुझावअनुसार प्रतिवेदन तयार गर्ने कार्य सचिवालयले तोकेका समितिका सचिवहरूले गर्छन्। विधेयक सदनमा पेश गर्ने बारेमा कार्य व्यवस्था परामर्श समितिमा छलफल गराउने र समितिको निर्णयलाई कार्यान्वयनमा लैजाने व्यवस्था पनि कार्यव्यवस्था शाखाले गर्ने गर्दछ। प्रदेश सभाबाट विधेयक पारित भएपछि विधेयकलाई मूल विधेयकमा संशोधन भए समायोजन गरेर अन्तिम रुप दिने, भाषागत शुद्धता हेरी विधेयकको मूलप्रति तयार गरेर सभामुख समक्ष पेश गर्ने गरिन्छ। सभामुखको राय अनुसार विधेयक प्रमाणिकरणका लागि पठाउने गरिन्छ।

## प्रदेश मामिला तथा कानून समितिको भूमिका

प्रदेश मामिला तथा कानून समितिमा अन्य समितिमाभन्दा धेरै विधेयकहरू छलफलका लागि आउने र सरकारसँग सम्बन्धित विधेयक यस समितिसँग जोडिने गर्दछ। प्रदेश सभा नियमावली अनुसार समितिले निम्नानुसार कार्य गर्दछ :

- प्रदेश सभाले प्रदेश मामिला तथा कानून समितिमा पठाएको विधेयकको समिक्षा गर्ने र सहमति भए अनुसार विधेयकहरूमा संशोधनको सिफारिस गर्ने,
- सभाले निर्धारण गरेको समितिले प्रदेश सभा नियमावली नियम ६० अनुरूप मन्त्रिपरिषद, सरकारी वा गैर सरकारी निकायको निर्णयको कुनै कारणले सम्वन्धित प्रदेशभित्र बसोबास गर्ने नेपाली नागरिकलाई मर्का परेको यस समितिको कार्यक्षेत्र अन्तर्गत पर्ने विषय खुलाई कम्तीमा एक सय जना व्यक्तिको हस्ताक्षरसहित दिएको आवेदनपत्रलाई तीन जना सदस्यले प्रमाणित गरी प्रस्तावको रूपमा सभा समक्ष प्रस्तुत हुन आएको आवेदनपत्र उपर जाँचबुझ गरी सभामा प्रतिवेदन पेश गर्ने,
- समितिले विषयक्षेत्र अन्तर्गतको जिम्मेवारीमा पर्ने मन्त्रालय एवं अन्तर्गतका सरकारी निकायको काम कारवाहीको अनुगमन, विश्लेषण एवं मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्नेछ र आवश्यकताअनुसार सम्बन्धित निकायलाई निर्देशन दिन सक्ने छ,
- समितिले आफ्नो कार्य सम्पादनका लागि आवश्यक पर्ने कार्यविधि निर्धारण गर्ने,
- सभाको निर्णयद्वारा समितिलाई दिइएको अन्य कुनै कार्य र जिम्मेवारी निर्वाह गर्ने।

तालिका ३ : प्रदेश मामिला तथा कानून समिति २०७९ का सदस्यहरू

| क्र.सं. | नाम थर | पद | ठेगाना | राजनीतिक दल |
|---|---|---|---|---|
| १ | दिल कुमारी बुढा | सभापति | रुकुमपूर्व | नेकपा माओवादी केन्द्र |
| २ | आशिष कुमार चौधरी | सदस्य | रुपन्देही- १(क) | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| ३ | इन्द्रजित थारु | सदस्य | दाङ- १(क) | नेकपा माओवादी केन्द्र |
| ४ | चिन्तामणी पाण्डे | सदस्य | गुल्मी- १(क) | नेकपा एमाले |
| ५ | जमुना ढकाल | सदस्य | रुपन्देही | नेपाली काँग्रेस |
| ६ | अम्बिका काफ्ले | सदस्य | बाँके | जनता समाजवादी पार्टी |
| ७ | निमा गिरी | सदस्य | प्यूठान | नेपाली काँग्रेस |
| ८ | भुवनेश्वर चौधरी | सदस्य | बर्दिया- १(क) | नेपाली काँग्रेस |
| ९ | भोज प्रसाद श्रेष्ठ | सदस्य | रुपन्देही | नेकपा एमाले |
| १० | इन्द्र कुमारी गहतराज | सदस्य | पाल्पा | नेकपा एमाले |
| ११ | राजकुमार चौधरी | सदस्य | बर्दिया- १(ख) | नागरिक उन्मुक्ति पार्टी |
| १२ | सुधाकर पाण्डेय | सदस्य | कपिलवस्तु- २(ख) | नेपाली काँग्रेस |
| १३ | शुशिला बादी | सदस्य | बाँके | नेपाली काँग्रेस |

## प्रदेश सभामा संशोधन प्रस्ताव प्रक्रिया

प्रदेश सभाको सदनमा विधेयक पेस भएर सैद्धान्तिक छलफल सकिएपछि प्रदेश सभा सदस्यहरूलाई संशोधन प्रस्ताव पेस गर्ने सूचना जारी गरिन्छ। प्रदेश सभाबाट संशोधन प्रस्ताव ७२ घण्टाभित्र राख्नका लागि सूचना जारी गरिन्छ। कानून तथा विधेयक शाखाबाट संशोधन प्रस्ताव पेश गर्न तयार गरिएको ढाँचा भएको फारम लिने र त्यही फारममा संशोधनसहितको सुझाव उल्लेख गरेर सभामुखसमक्ष तोक लगाई प्रदेश सभा सचिवालयमा दर्ता गर्नुपर्दछ। सचिवालयमार्फत बिषय मिल्ने समितिमा संशोधन प्रस्तावहरू छलफलका लागि पठाइन्छ। समितिले संशोधनकर्तासँग र संशोधन प्रस्तावमा आवश्यक छलफल गरी टुङ्गो लगाउने गर्दछ। समितिले संशोधन प्रस्ताव सभामा छलफल गर्न पठाउने वा नपठाउने निर्धारण समेत गर्दछ।

# विधेयक निर्माणमा सरोकारवाला पक्ष

## छलफलको कमी

कानून निर्माण जसको लागि गरिन्छ, ती पक्षहरूलाई सरोकारवाला भन्ने गरिन्छ। एक हिसाबले भन्ने हो भने कानून निर्माणको प्रक्रियामा जति धेरै सरोकारवाला पक्षसँग छलफल गऱ्यो, कानून निर्माण प्रक्रिया त्यति नै लोकतान्त्रिक हुने गर्छ। र, यसरी छलफल गर्दा सरोकारवाला पक्षले प्रक्रियादेखि नै आफ्नो अपनत्व महसुस गर्छ र त्यस्ता कानूनहरूको कार्यान्वयन प्रक्रिया पनि प्रभावकारी हुने गर्छ। तर, संसदीय पत्रकार समाज लुम्बिनी प्रदेशका महासचिव सीपी खनालको भनाईमा कानून निर्माणको प्रक्रियामा सरोकारवाला पक्षहरूसँग एकदमै कम छलफल हुने गरेको छ। 'विधेयक निर्माणको क्रममा छलफल कम हुने वा कतिपय सवालमा छलफल नै नहुने गरेको देखिन्छ। संसदको बिषयगत समितिमा पुगेपछि केही छलफल भएपनि आफ्ना कुरा राख्न सक्ने समूहसँग मात्र छलफल हुन्छ', खनालले भने, 'सञ्चार, सहकारी र निजामती सेवासम्बन्धी कानूनको मस्यौदामा अन्यको तुलनामा छलफल अलि बढी भएको थियो।'[१] गैर सरकारी संस्था अभियान्ता गोविन्द रेग्मी 'जसका लागि कानून बनाइएको हो, त्यो पक्षको सहभागितामा कमी रहेको' टिप्पणी गर्छन्।[२]

अर्थ मामिलाका जानकार एवं विश्लेषक मनिकर कार्की प्रदेश सरकारले कानून, नीति तथा कार्यक्रम बनाउने बेलामा नागरिकको सहभागिता गराउने र जनसरोकारका बिषयलाई समेट्ने अभ्यासमा कमी रहेको बताउँछन्। 'नागरिक समाज र बुद्धिजिवीसँग छलफल गरी सुझाव माग्ने र उनीहरूको सहभागिता बृद्धि गर्नुपर्दछ। जनताका सवाल र समस्यालाई सम्बोधन हुने गरी कानून निर्माण गर्नुपर्छ', उनी भन्छन्।[३] अधिवक्ता एवं नेपाल बार काउन्सिल सदस्य बाबुराम पाण्डे प्रदेश सरकारले समूदायस्तरको धारणा संकलनमा समाजशास्त्रीय पक्षलाई ख्याल नगर्दा नागरिकस्तरको चासो पनि कम भएको धारणा राख्छन्। 'नागरिक समाजसँग सम्बन्धित संस्थाहरू एकीकृत र सक्रिय हुन सकिरहेका छैनन् जसले गर्दा स्थानीय आवाज संसद र सरकारसम्म पुग्न सकिरहेको छैन भने नागरिक सहभागिता पनि कमजोर बन्दै गएको छ', पाण्डेले भने।[४] त्यसमाथि कानून सहजीकरणको लागि भन्दा पनि नियन्त्रणको लागि भन्ने सोच हावी भएका कारण पनि समस्या रहेको देखिन्छ। सीपी खनालको भनाईमा 'कानून भनेको नियन्त्रण गर्न बनाउने हो भन्ने सोचाइ छ, कामलाई सहजीकरण गर्न बनाउने हो भन्ने बुझाइ छैन।'[५]

## अध्ययन आवश्यक

लुम्बिनी प्रदेश सभाका सभामुख तुलाराम घर्तीमगर कानून निर्माणको सन्दर्भमा स्थानीय तहमा समन्वयको आवश्यकता भएपनि त्यस्तो हुन नसकेको धारणा राख्छन्। 'कानून बनाउने बिषयमा स्थानीय तह र प्रदेश सरकारबीच समन्वयको अभाव छ। कानून निर्माणमा सक्रियता कम छ, बहस कम छन् र प्राथमिकता पनि कम दिने गरेको देखिन्छ', सभामुख घर्तीमगरले भने। यसर्थ प्रदेशबासीको सामाजिक मनोविज्ञान, आर्थिक अवस्था, जनताको चहाना र सामाजिक आवश्यकताअनुरूप युग सुहाउँदो कानून निर्माणमा प्रदेश सभालाई प्रभावकारी बनाउनुपर्दछ।'[६]

.................................

१ खनालसँग गरिएको कुराकानीमा आधारित।

२ रेग्मीसँग गरिएको कुराकानीमा आधारित।

३ कार्कीसँग गरिएको कुराकानीमा आधारित।

४ पाण्डेसँग गरिएको कुराकानीमा आधारित।

५ खनालसँग गरिएको कुराकानीमा आधारित।

६ घर्तीमगरसँग गरिएको कुराकानीमा आधारित।

प्रदेश योजना आयोगका पूर्व उपाध्यक्ष नहकुल के.सी. सरकार र संसद दुवैले कानून निर्माणमा पर्याप्त अध्ययन गर्नुपर्ने आवश्यकता देख्छन् । त्यस्तै, नागरिक समाजले पनि कानून निर्माणमा खबरदारी गर्न सक्ने क्षमता बृद्धि गर्नुपर्ने कुरामा के.सी. जोड दिन्छन् ।[७] राप्ती बबई क्याम्पसका राजनीतिशास्त्रका प्राध्यापक भूप बहादुर बुढाथोकी नागरिक समाजले प्रदेशलाई आवश्यक सल्लाह र सुझाव दिने र लिने बानीको विकास नभएको बताउँछन् । प्रदेशममा बनेका कानून कार्यसञ्चालनमा बढी केन्द्रित देखिएपनि नागरिकका अपेक्षा र आवश्यकता अर्थात् प्रदेशको समस्या सम्बोधन गर्ने सवालमा कमजोर नै रहेको उनको धारणा छ । 'प्रदेशको प्राकृतिक स्रोत साधनको प्रयोगबाट समृद्धि ल्याउने किसिमका कानून र नीति बनाउन सांसदको भूमिका सशक्त बनाउनुपर्ने देखिन्छ', बुढाथोकीले भने ।[८]

नागरिक उन्मुक्ति पार्टीका प्रमुख सचेतक राजकुमार चौधरी कार्यव्यवस्था समिति र सभामुखको भूमिका सशक्त र सवल हुनुपर्ने कुरामा जोड दिन्छन् । कानून निर्माणमा बिषयगत समितिमा छलफल भएका धेरै बिषय कार्यान्वयन भएको उल्लेख गर्दै उनले भने,'तर नीति, बजेट र कार्यक्रम बनाउने बिषयमा सांसदले केवल प्रचारका लागि मात्रै कुरा उठाए जस्तो भएको छ । सांसदहरूको सुझावअनुसार कार्यान्वयन र संशोधन हुन सकेको छैन ।'[९]

## कार्यान्वयन पक्ष कमजोर

नेकपा एमाले संसदीय दलको नेता लिला गिरी प्रदेश सभाको भूमिकालाई प्रभावकारी बनाउन कानून निर्माणलाई प्राथमिकता दिनुपर्ने आवश्यकता देख्छन् । कानून निर्माण गरी तिनको प्रभावकारी कार्यान्वयन गरेमा सुशासनको अनुभूति हुने गिरीको धारणा छ । 'तसर्थ संघ, प्रदेश र स्थानीय तहलाई आवश्यक कानून निर्माणमा बिलम्ब नगरी संघीयताको असली कार्यान्वयन गराउनुपर्नेछ । संघीयतालाई समृद्धिको साधन र लोकतान्त्रिक पद्धतिको नमुना माध्यमका रुपमा कार्यान्वयन गर्न सबैको ध्यान जानुपर्छ', गिरीले भने ।[१०]

नेपाली काँग्रेसका सचेतक निमा गिरी पनि प्रदेश सभाले कानून बनाएको तर नियमावली बनाउने निकायले नियमावली नबनाउँदा कार्यान्वयन पक्ष कमजोर भएको बताउँछिन् । प्रदेशलाई प्राप्त अधिकार प्रयोग गर्ने बिषयमा प्रदेश सरकार र कर्मचारीतन्त्रमा अलमल देखिएको र यसले संघीयता कार्यान्वयनको समग्र प्रक्रिया नै कमजोर बनेको उनको भनाई छ ।[११] गैर सरकारी संस्था अभियान्ता गोविन्द रेग्मी पनि प्रदेशमा बनेका कानूनहरूको कार्यान्वयन पक्ष कमजोर देख्छन् । 'सुशासन कायम गर्ने बिषयमा प्रदेश सरकार चुकेको छ जसका लागि नागरिक खबरदारी जरुरी देखिन्छ', रेग्मीले भने ।[१२]

## थप कानून निर्माणमा दबाव आवश्यक

लुम्बिनी प्रदेश सरकारका पूर्व स्वास्थ्य मन्त्री दिपेन्द्र कुमार पुन मगर सरकारले सदनलाई पर्याप्त विजनेश दिन नसकेकाले जनताका आवाज सदनबाट उठाउन र समस्या समाधान गर्न नसकिएको अनुभूति भएको बताउँछन् । 'प्रदेशमा आवश्यक कानून बन्न सकिरहेको छैन । प्रदेशप्रति उठेका प्रश्नहरूको सवालमा संघीयता पक्षधर

................................

७ केसीसँग गरिएको कुराकानीमा आधारित ।

८ बुढाथोकीसँग गरिएको कुराकानीमा आधारित ।

९ चौधरीसँग गरिएको कुराकानीमा आधारित ।

१० गिरीसँग गरिएको कुराकानीमा आधारित ।

११ गिरीसँग गरिएको कुराकानीमा आधारित ।

१२ रेग्मीसँग गरिएको कुराकानीमा आधारित ।

राजनीतिक दलले यसको औचित्य र आवश्यकता पुष्टि गर्न सक्नुपर्दछ', उनले भने, 'त्यसका लागि जनताको आवश्यकता सम्बोधन गर्ने किसिमको नीति निर्माण गर्नुपर्छ।'[१३]

प्रदेश सभा सदस्य इन्द्रा गहतराजको भनाईमा महिला, दलित, सिमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरू लक्षित कानून र नीतिको खाँचो छ। प्रदेश सभाले पछाडि पारिएका बर्ग र समुदायको अधिकार स्थापित गर्ने ऐन बनाउने बिषयमा सबै प्रदेश सभा सदस्यहरूको भूमिका हुनुपर्ने उनको धारणा छ।[१४] तुलसीपुर उपमहानगरपालिका पूर्व नगर प्रमुख घनश्याम पाण्डे संविधानले कानून बनाउने जिम्मा तीन तहकै सरकारलाई दिएको संवैधानिक प्रावधान स्मरण गराउँदै भन्छन्, 'यो अवस्थामा प्रदेश सरकारले सुशासन कायम गर्ने र प्रदेशको आवश्यकता अनुसारको कानून निर्माणमा ध्यान दिन जरुरी छ। प्रदेशमा रहेका बौद्धिक व्यक्ति र संस्थासँगको सहकार्यमा पनि उत्तिकै ध्यान दिन आवश्यक छ।'[१५]

नेपाल उद्योग बाणिज्य महासंघ लुम्बिनी प्रदेश अध्यक्ष कृष्ण अर्याल प्रदेश सरकारले नीजि क्षेत्रसँगको सहकार्यमा प्रदेशका नीति, कार्यक्रम र कानून निर्माण गर्नुपर्नेमा त्यस्तो हुन नसकेको धारणा ब्यक्त गर्छन्। 'आर्थिक गतिविधिलाई चलायमान बनाउने र यहाँका स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई प्रवर्द्धन गर्ने नीति र कानून बनाउनुपर्दछ', अर्यालले भने, 'प्रदेश सरकारले कृषि, पर्यटनजस्ता क्षेत्रमा अनुदान कार्यक्रम, स्मार्ट प्रविधिको विकास, अनलाइन प्रणालीमा कर दाखिला जस्ता नीति ल्याउन सक्नुपर्दछ।'[१६] उपभोक्ता हित संरक्षण मञ्च लुम्बिनीका अध्यक्ष तेज प्रसाद पाठक पनि उपभोक्ता हित संरक्षणबारे प्रदेश सरकारले कानून निर्माण गर्नुपर्ने आवश्यकता देख्छन्। संविधानको मौलिक हकमा उल्लेख भएको बिषयलाई प्रदेश सरकार संवेदनशिल भएर कानून निर्माण गर्नुपर्ने र त्यसरी बनाउने कानून निर्माण प्रक्रियामा नागरिक सहभागिता बृद्धि हुनुपर्ने पनि उनले बताए।[१७] संसदीय पत्रकार समाज लुम्बिनी प्रदेशका महासचिव सीपी खनाल चाहिं संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचिमा भएका कानून निर्माणमा एकले अर्कोलाई दबाव दिनुपर्ने धारणा राख्छन्।[१८]

..................................

१३ पुन मगरसँग गरिएको कुराकानीमा आधारित।

१४ गहतराजसँग गरिएको कुराकानीमा आधारित।

१५ पाण्डेसँग गरिएको कुराकानीमा आधारित।

१६ अर्यालसँग गरिएको कुराकानीमा आधारित।

१७ पाठकसँग गरिएको कुराकानीमा आधारित।

१८ खनालसँग गरिएको कुराकानीमा आधारित।

## अनुसूची १ : प्रदेश सभाबाट पारित मूल विधेयकहरू

| क्र.सं. | विधेयकको नाम | पारित मिति | प्रकृति | नियमावली | संशोधन मिति |
|---|---|---|---|---|---|
| १ | प्रदेश नं. ५ प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक | | | | |
| २ | प्रदेश नं ५, प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।२।१६ | सेवा सुविधा | | २०७५।०४।२०<br>२०७६।०५।२२<br>२०७७।०२।१४<br>२०७७।०३।२२ |
| ३ | प्रदेश नं ५, का सार्वजनिक लिखित प्रमाणीकरण कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।०१।२१ | कार्यसञ्चालन | बनेको | |
| ४ | प्रदेश ५, अर्न्तगतका गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।०१।२५ | कार्यसञ्चालन | | २०७५।०४।२० |
| ५ | प्रदेश ५, प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।०४।१४ | सेवा सुविधा | | २०७६।०६।०२<br>२०७७।०४।१५ |
| ६ | प्रदेश ५, प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।०४।१४ | सेवा सुविधा | | |
| ७ | प्रदेश ५, प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।०४।१४ | कार्यसञ्चालन | बनेको | |
| ८ | प्रदेश ५, प्रदेश वित्त व्यवस्थापन विधेयक, २०७५ | २०७५।०२।३० | कर तथा राजश्व | | |
| ९ | प्रदेशको कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।०२।३० | कर तथा राजश्व | बनेको | |
| १० | मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा र अन्य शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५।०४।२० | कार्यसञ्चालन | | |

| क्र.सं. | विधेयकको नाम | पारित मिति | प्रकृति | नियमावली | संशोधन मिति |
|---|---|---|---|---|---|
| ११ | प्रदेश नं ५, जाँचबुझ आयोगको गठन तथा काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।११।२६ | कार्यसञ्चालन | | |
| १२ | प्रदेश नं ५, संघ संस्थाहरूको दर्ता सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक | २०७६।०१।१५ | संघ संस्था | बनेको | |
| १३ | प्रदेश नं ५, अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।१२।२७ | सुरक्षा | | |
| १४ | प्रदेश नं ५, प्रदेश प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।१२।२६ | सञ्चार | बनेको | |
| १५ | प्रदेश नं ५, जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६।०१।०८ | कार्यसञ्चालन | | |
| १६ | प्रदेश नं ५, प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।०९।०९ | कार्यसञ्चालन | | |
| १७ | प्रदेश नं ५, प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।१२।१० | कोष सञ्चलन | | |
| १८ | प्रदेश नं ५, सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।१२।२६ | सहकारी | बनेको | |
| १९ | प्रदेश नं ५, बीउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।१२।१० | कृषि प्रवर्द्धन | | |
| २० | प्रदेश नं ५, दाना पदार्थ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।११।२६ | कृषि प्रवर्द्धन | | |
| २१ | प्रदेश नं ५, मल व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।१२।२७ | कृषि प्रवर्द्धन | | |
| २२ | प्रदेश नं ५, पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।१२।२७ | पशु स्वास्थ्य | | |

| क्र.सं. | विधेयकको नाम | पारित मिति | प्रकृति | नियमावली | संशोधन मिति |
|---|---|---|---|---|---|
| २३ | प्रदेश नं ५, पशु वधशाला तथा मासु जाँच सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।१२।२७ | पशु स्वास्थ्य | | |
| २४ | प्रदेश नं ५, औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।१२।२४ | उद्योग | | |
| २५ | प्रदेश नं ५, भवन निर्माण कार्यलाई व्यवस्थित एवम् नियमित गर्ने सम्बन्धमा बनेको विधेयक | २०७५।११।२६ | पूर्वाधार विकास | बनेको | |
| २६ | प्रदेश नं ५, तथ्याङ्क सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।१२।२५ | | बनेको | |
| २७ | प्रदेश नं ५, खानी अन्वेषण र व्यवस्थापनसम्बन्धी बनेको विधेयक | २०७५।१२।२५ | | | |
| २८ | प्रदेश नं ५, प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नविकरण तथा स्तरोन्नति गर्न बनेको विधेयक | २०७६।०१।०८ | | बनेको | २०८०।०४।१५ |
| २९ | प्रदेश नं ५, बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६।०१।१९ | अधिकार | | |
| ३० | प्रदेश नं. ५ खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६।०१।१९ | | बनेको | २०७९।०३।१५ |
| ३१ | प्रदेश नं ५, प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६।०१।०९ | | बनेको | |
| ३२ | गाउँ सभा र नगरसभाको कार्यसञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६।०१।२२ | कार्यसञ्चालन | | |
| ३३ | प्रदेश लोक सेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६।०१।२२ | कार्यसञ्चालन | बनेको | |
| ३४ | सडक सवारी, यातायात तथा परिवहन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६।०४।२१ | | | |

| क्र.सं. | विधेयकको नाम | पारित मिति | प्रकृति | नियमावली | संशोधन मिति |
|---|---|---|---|---|---|
| ३५ | प्रदेशको अभिलेख संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ | २०७६।०४।२१ | | | |
| ३६ | प्रदेश पदक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६।०४।२४ | | बनेको | २०७७।०६।२० |
| ३७ | प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६।०४।२४ | | बनेको | |
| ३८ | साझेदारी फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६।०५।१८ | | बनेको | |
| ३९ | प्रदेश नं. ५, सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६।०५।२३ | कार्यसञ्चालन | | |
| ४० | सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६।११।१८ | | बनेको | |
| ४१ | वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७७।०२।१७ | | बनेको | |
| ४२ | लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७७।०२।१४ | सेवा सुविधा | | |
| ४३ | केही प्रदेश ऐन संशोधन गर्ने विधेयक २०७७ | २०७७।०२।१४ | | | |
| ४४ | सडक निर्माण, मर्मत-संभार तथा बिस्तार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७७।०२।३२ | | | |
| ४५ | बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७७।०९।१० | | | |
| ४६ | सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रको स्थापना तथा सञ्चालन र सेवा तथा पुनर्स्थापना कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७७।१२।२४ | | | |

| क्र.सं. | विधेयकको नाम | पारित मिति | प्रकृति | नियमावली | संशोधन मिति |
|---|---|---|---|---|---|
| ४७ | प्रदेश विश्वविद्यालयको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापन गर्न बनेको विधेयक | २०७७।१२।२० | कार्यसञ्चालन | बनेको | |
| ४८ | प्रदेश पूर्वाधार विकास प्राधिकरणको स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक | २०७७।१२।२४ | कार्यसञ्चालन | | |
| ४९ | प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक २०७८ | २०७८।०६।२० | | | |
| ५० | वन सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक | २०७८।०७।२९ | | बनेको | |
| ५१ | प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक, २०७९ | २०७९।०३।१५ | | | |
| ५२ | सञ्चार माध्यम सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक, २०७९ | २०७९।०३।१५ | | | |
| **दोस्रो कार्यकाल** | | | | | |
| क्र.सं. | विधेयकको नाम | पारित मिति | प्रकृति | नियमावली | संशोधन मिति |
| १ | प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८०।०५।२२ | कर्मचारी प्रशासन | बनेको | |
| २ | स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक | २०८१/०५/२७ | कर्मचारी प्रशासन | | |
| ३ | प्रदेश विपद् व्यवस्थापन सम्बन्धि व्यवस्था गर्न बनेको ऐन, २०८१ | २०८१/०५/२७ | बिपद् | | |

*नोट : माथिको तालिकामा सालबसाली विधेयकहरू उल्लेख गरिएको छैन ।*

## अनुसूची २ : प्रदेश सभाबाट संसोधन भएका विधेयकहरू

| क्र.सं. | विधेयकको नाम | पारित मिति |
|---|---|---|
| १ | प्रदेश नं ५, अन्तर्गतका गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ संशोधन गर्न बनेको विधेयक | २०७५।०४।२० |
| २ | प्रदेश नं ५, प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ संशोधन गर्न बनेको विधेयक | २०७५।०४।२० |
| ३ | प्रदेश नं ५, प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०७६।०५।२२ |
| ४ | प्रदेश नं ५, प्रदेश सभाका पदाधिकारी तथा सदस्यको परिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०७६।०६।०२ |
| ५ | स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक | २०७७।०२।१४ |
| ६ | केही प्रदेश ऐन संशोधन गर्ने विधेयक, २०७७ | २०७७।०२।१४ |
| ७ | प्रदेश सभाका पदाधिकारी तथा सदस्यको परिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०७७।०४।१५ |
| ८ | स्थानीय तहका पदाधिकारीको सुविधा सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक | २०७७।०३।२२ |
| ९ | प्रदेश नं ५, प्रदेश पदक ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक | २०७७।०६।२० |
| १० | प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक | २०७८।०६।२० |
| ११ | खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक | २०७९।०३।१५ |
| **दोस्रो कार्यकाल** | | |
| क्र.सं. | विधेयकको नाम | पारित मिति |
| १ | स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नती ऐन, २०७६ लाई संशोधन गर्न बनेको ऐन | २०८०।०४।१५ |
| २ | औद्योगिक व्यवस्थापन सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकिकरण गर्न बनेको ऐन, २०८१ | २०८१।०५।०७ |
| ३ | प्रदेश निजामती सेवा ऐन २०८० लाई संशोधन गर्न बनेको विद्येयक | २०८१।०५।३१ |

## अनुसूची ३ : ऐन बनेपनि नियमावली लगायत अन्य प्रत्यायोजित कानून निर्माण नभएका ऐनहरूको विवरण

| क्र.सं. | ऐनको नाम |
|---|---|
| १ | प्रदेश सडक ऐन, २०७७ |
| २ | सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६ |
| ३ | बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन ऐन, २०७५ |

| क्र.सं. | ऐनको नाम |
|---|---|
| ४ | खानी अन्वेषण तथा व्यवस्था सम्बन्धी ऐन, २०७५ |
| ५ | बीउ बिजन ऐन, २०७५ |
| ६ | पशु वधशाला तथा मासु जाँच ऐन, २०७५ |
| ७ | पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०७५ |
| ८ | दाना पदार्थ ऐन, २०७५ |
| ९ | मल ऐन, २०७५ |
| १० | सेवा तथा पुनर्स्थापना कोष ऐन, २०७८ |
| ११ | सञ्चार माध्यम ऐन, २०७९ |
| १२ | प्रदेश प्रहरी ऐन, २०७९ |
| १३ | प्रदेश अभिलेख संरक्षण ऐन, २०७६ |
| १४ | जाँचबुझ आयोग ऐन, २०७५ |
| १५ | प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७५ |
| १६ | मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका र अन्य शर्त सम्बन्धी ऐन, २०७५ |

### अनुसूची ४ : लुम्बिनी प्रदेश सरकारले बनाएका नियमावलीहरू (२०८१ मंसिरसम्म)

| क्र.सं. | नियमावलीको नाम |
|---|---|
| १ | प्रदेश नं. ५ प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४ |
| २ | प्रदेशस्तरका सार्वजनिक लिखत प्रमाणीकरण नियमावली, २०७४ |
| ३ | प्रदेश नम्बर ५ को प्रदेश सभा नियमावली, २०७४ |
| ४ | केही सार्वजनिक लिखत प्रमाणीकरण नियमावली पहिलो संसोधन, २०७६ |
| ५ | प्रदेश नं. ५, संघ संस्था दर्ता नियमावली, २०७६ |
| ६ | प्राइभेट फर्म दर्ता नियमावली, २०७६ |
| ७ | सार्वजनिक खरिदसम्बन्धी प्रदेश नियमावली, २०७६ |
| ८ | मनोरञ्जन कर नियमावली, २०७६ |
| ९ | विज्ञापन कर नियमावली, २०७६ |
| १० | प्रदेश पदक नियमावली, २०७६ |
| ११ | प्रदेश नं. ५ प्रदेश प्रशारण नियमावली, २०७६ |
| १२ | प्रदेश लोकसेवा आयोग नियमावली, २०७६ |
| १३ | प्रदेश होमस्टे सञ्चालन नियमावली, २०७६ |
| १४ | साझेदारी नियमावली, २०७६ |
| १५ | प्रदेश नं. ५, प्रदेश सहकारी नियमावली, २०७६ |

| क्र.सं. | नियमावलीको नाम |
|---|---|
| १७ | प्रदेश प्रशिक्षण प्रतिष्ठान विनियमावली, २०७७ |
| १८ | वातावरण संरक्षण नियमावली, २०७७ |
| १९ | सुशासन नियमावली, २०७७ |
| २० | प्रदेश भवन नियमावली, २०७७ |
| २१ | प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति नियमावली, २०७७ |
| २२ | उद्यम विकास कोष सञ्चालन नियमावली, २०७७ |
| २३ | विश्वविद्यालय नियमावली, २०७८ |
| २४ | प्रदेश तथ्याङ्क नियमावली, २०७८ |
| २५ | प्रदेश खेलकूद विकास नियमावली, २०७८ |
| २६ | पर्यटन विकास परिषद् नियमावली, २०७८ |
| २७ | प्रदेश वन नियमावली, २०७९ |
| २८ | प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ |
| २९ | पर्यटन नियमावली, २०७९ |
| ३० | प्रदेश सभा नियमावली, २०७९ |
| ३१ | जग्गा एकीकरण सम्बन्धी नियमावली २०७९ |
| ३२ | लुम्बिनी प्राविधिक विश्वविद्यालयको विधान, २०७९ |
| ३३ | प्रदेश वन नियमावली (पहिलो संशोधन) २०८० |
| ३४ | स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति नियमावली, (पाँचौ संशोधन २०८० |
| ३५ | अस्पताल विकास समिति (गठन तथा सञ्चालन) नियमावली, २०८० |
| ३६ | प्रदेश निजामती सेवा नियमावली, २०८० |
| ३७ | प्रदेश लोकसेवा आयोग (पहिलो संशोधन) नियमावली, २०८१ |
| ३८ | प्रदेश राजपत्र तथा कानूनको सम्पादन र प्रकाशन नियमावली २०८१ |
| ३९ | प्रदेश सरकार (कार्य विभाजन/पहिलो संशोधन) नियमावली २०८१ |
| ४० | अस्पताल विकास समिति-गठन तथा सञ्चालन/पहिलो संशोधन) नियमावली २०८१ |

## सन्दर्भ सामग्री

पाठक, तिलक र किरण कौशल। २०८१। लुम्बिनी कानून निर्माण : प्रदेश सभा सदस्यहरूको संशोधन प्रस्ताव र कार्यान्वयन अवस्था। पाल्पा विकास केन्द्र र आइडिया स्पेस सर्भिसेज्।

पाठक, तिलक र किरण कौशल। २०७९। लुम्बिनी प्रदेश सभा बैठक सांसदहरूको उपस्थिति र सहभागिता। पाल्पा विकास केन्द्र।

संघीय संसद सचिवालय। २०८०। संघीय संसद तथा प्रदेश सभाहरूको समीक्षात्मक प्रतिवेदन (२०७४-२०७९)।

## पाल्पा विकास केन्द्र

पाल्पा विकास केन्द्र २०६५ सालमा स्थापना भई प्रदेशस्तरमा मिडिया विकास, नीतिगत बहस र संवाद साथै अध्ययन अनुसन्धानको क्षेत्रमा काम गर्दै आएको छ । संस्थाले सञ्चालनमा ल्याएको नीतिपात्रो पोर्टलमा लुम्बिनी प्रदेशका स्थानीय सरकार र प्रदेश सरकारसँग सम्बन्धित सामग्रीहरू समेटिएका छन् । यो पोर्टलले विशेषगरी पत्रकारहरूलाई स्थानीय एवं प्रदेश सरकारले बनाउने नीतिदेखि बजेट लगायतका विषयमा खास मुद्दा र स्रोतको पहिचान गरी विस्तृत रूपमा समाचार तयार पार्न सहयोग पुऱ्याउँदछ । त्यस्तै, आम जनतालाई आफ्नो समुदायमा के-कस्ता नीतिगत काम भइरहेका छन् भन्ने विषयमा पनि यो पोर्टलले जानकारी दिन्छ । संस्थाले प्रदेशस्तरीय पर्यटन प्रवर्द्धन, साँस्कृतिक सम्पदा र शिक्षासम्बन्धि अध्ययन अनुसन्धान र भिडियो डकुमेन्ट्री निर्माण, स्थानीय तहमा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, परिचयात्मक फोटो फिचर निर्माण, क्षमता विकास तालिम र अन्य परार्मशमा काम समेत गर्दै आएको छ ।

## आइडिया स्पेस सर्भिसेज्

२०७५ सालमा स्थापना भएको आइडिया स्पेस सर्भिसेजले सार्वजानिक नीति निर्माणका लागि सरकारी निकाय, निजी क्षेत्र एवं गैरसरकारी संघ संस्थालाई आवश्यक पर्ने तथ्याङ्क एवं विश्लेषण उपलब्ध गराउनुका साथै विभिन्न विषयमा अनुसन्धान गर्ने गर्छ । सिर्जनात्मक एवं नवीन विचार (आइडिया)हरूमा छलफल, नीतिगत संवाद र वहस (डिबेट) गर्ने थिंक ट्याङ्कको रूपमा स्थापित यो संस्थाले विशेष गरी समावेशी लोकतन्त्र, निर्वाचन, संसदीय राजनीति, संवैधानिक मुद्धा, संघीयता, नागरिक समाज, मिडिया विकास, प्रविधीलगायतका विषयमा काम गर्ने गर्छ । आइडिया स्पेसले प्रादेशिक एवं स्थानीय तहमा रहेका संस्थाहरूको क्षमता अभिवृद्धिमा जोड दिदै त्यस्ता संस्थाहरूसँगको समन्वय र सहकार्यमा सम्बन्धित क्षेत्रका मुद्धा र चुनौतीहरूको पहिचान गरी त्यसको समाधान खोज्ने काम गर्छ ।